# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन १० गते २०३३ साल

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बल्कोट खानेपानी आयोजनाको लागि चौकिदार भवन र ट्याङ्की निर्माणको लागि लुम्बिनी अञ्चल, अर्घाखाँची जिल्ला, बेरूङ्ग गाउँ पञ्चायत वार्ड नं. ७ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गा–धनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व प्रतिमानको कि. नं. ७४ को जग्गा, पश्चिम गुणाखरको कि. नं. ४० कै घर कटेरो, उत्तर गुणाखर र दधिरामको कि. नं. १८६ को जग्गा, दक्षिण मुलबाटो यति ४ किल्लाभित्रको सालको रू. ।८१।१ (एकासी पैसा एकदाम) तिरो लागेको कि. नं. ४० को जग्गा रोपनी ४–१४–० मध्ये रू. ।२५ (पच्चीस पैसा) तिरो लाग्ने रोपनी १–८–० (एकरोपनी आठआना) को कित्ता।

आज्ञाले–

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको का.मु. सचिव



२०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

११०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।